# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

२०८१ श्रावण - कार्तिकसम्म
सम्पादित प्रमुख क्रियाकलापहरूको विवरण

प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान
कलबलगुरी झापा
कोशी प्रदेश

**स्वतः प्रकाशन (Proactive Disclosere)**

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्था बमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफना गतिविधिहरूको विवरण ३/३ महिनामा प्रकाशित गर्नु पर्ने कानूनी व्यवस्था छ । यसका लागि ऐन र नियमावलीमा उल्लेख गरिए बमोजिमका यस प्रतिष्ठानसँग सान्दर्भिक शीर्षकहरुमा केन्द्रित रहेर प्रदेश स्तरमा हुने प्रशासनिक तथा व्यवस्थापकीय अनुसन्धान तथा पदाधिकारी एबम् कर्मचारीको क्षमता अभिवृद्धि र विकासका लगि प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन बमोजिम गठित यस प्रतिष्ठानबाट २०८० कार्तिक देखि पौष महिनाको त्रैमासिक अवधिमा सम्पादित प्रमुख कार्यहरू सम्बन्धित सबै सरोकार राख्नेहरुको निमित्त जानकारी हुने भन्ने उद्देश्यले प्रकाशन गरिएको छ ।

मितिः २०८१ कार्तिक ७ गते

प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान कलबलगुरी झापा ।

# विषयसूची


१. प्रतिष्ठानको स्वरुप र प्रकृति
२. प्रतिष्ठानको काम, कर्तव्य र अधिकार
३. प्रतिष्ठानमा रहने कर्मचारी संख्या र कार्य विवरण
४. प्रतिष्ठानबाट प्रदान गरिने सेवा
५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख
६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि
७. सूचना अधिकारी र प्रमुखको नाम र पद
८. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची
९. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण
१०. यस प्रतिष्ठानबाट अघिल्लो आ. व. मा सञ्चालित मुख्य कार्यक्रमहरू
११. सार्वजनिक निकायको वेबसाइट
१२. प्रतिष्ठानले यस आ.व.को यस त्रैमासिक अवधिमा सञ्चालन गरेको कार्यक्रमको विवरण
१३. प्रतिष्ठानले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली
१४. प्रतिष्ठानमा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय
१५. प्रतिष्ठानका सूचनाहरू अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण

## १. प्रतिष्ठानको स्वरुप र प्रकृति

प्रदेश सरकार तथा स्थानीय तहको क्षमता विकास गर्ने मूलभुत उद्देश्य राखी प्रदेश सरकार, कोशी प्रदेश द्वारा प्रदेश प्रशिक्षण केन्द्र )संचालन तथा व्यवस्थापन (नियमावली, २०७७ को रुपमा कानूनी व्यवस्था गरी विधिवत रुपमा वि.सं.२०७७ असोज १८ गते यस प्रदेश प्रशिक्षण केन्द्रको स्थापना गरिएको भएता पनि हाल प्रदेश सरकारद्वारा मिति २०७९ श्रावण ३० गते प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७९ जारी गरी प्रदेश प्रशिक्षण केन्द्रलाई प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको रुपमा संचालित छ ।

प्रदेश सरकार तथा स्थानीय तहको क्षमता विकास तथा सशक्तिकरण गर्ने, सार्वजनिक पदाधिकारीका लागि तालीम संचालन गर्ने, प्रदेश तथा स्थानीय शासन सम्बन्धि अध्ययन एवं अनुसन्धान गरि सम्बन्धित निकायलाई परामर्श दिने यस केन्द्रको मूख्य कार्यको रुपमा रहेको छ । उपरोक्त कार्यका लागि नेपाल सरकार द्वारा साविकको स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान अन्तर्गतको भद्रपुर नगरपालिकाको वडा नं.१० कलवलगुरीमा अवस्थित ग्रामीण विकास प्रशिक्षण केन्द्र यस प्रदेश प्रशिक्षण केन्द्रलाई हस्तान्तरण गरिएको छ । नेपालको संविधानले तीन तहका शासन व्यवस्था सहकारिता, सह अस्तित्व तथा समन्वयको सिद्धान्तमा आधारित तीन तहको शासन ब्यवस्थाको परिकल्पना गरेको छ । यसै सन्दर्भमा नेपालको संघीय व्यवस्थाको सफलताका लागि तीनै तहको शासकीय संरचनाको सशक्तिकरण तथा क्षमता विकास गरिनु आवश्यक देखिएको छ । यसका साथै सेवा प्रवाहमा सुशासन अभिवृद्धि गर्नु अपरिहार्य छ । यसका लागि यस प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले प्राज्ञिक रुपमा प्रभावकारी भूमिका निर्वाह गरी आफुलाई उत्कृष्ट सिकाइ केन्द्र (Excellence Center) को विकास गर्ने लक्ष्य लिएको छ ।

## २. प्रतिष्ठानको काम, कर्तव्य र अधिकार

प्रतिष्ठानले परिषदबाट नीतिगत तथा कार्यकारी समितिबाट उक्त नीति कार्यान्वयन गर्ने गरी दुई तहबाट कार्य गर्ने गर्दछ । जसलाई निम्नानुसार उल्लेख गरिएको छः

**परिषद्को काम कर्तव्य र अधिकार**

क) प्रतिष्ठान सञ्चालनका लागि आवश्यक नीति तर्जुमा गर्ने

ख) प्रतिष्ठानको सङ्गठन संरचना स्वीकृत गर्ने

ग) प्रतिष्ठान सञ्चालनका लागि आवश्यक व्यवस्थापकीय मार्गदर्शन दिने

घ) अनुसन्धान तथा प्रशिक्षण सम्बन्धी मापदण्ड निर्धारण गर्ने

ङ) प्रचलित कानुनको अधिनमा रही प्रतिष्ठानलाई आवश्यक पर्ने नियमावली तथा निर्देशका तथा कार्यविधि स्विकृत गर्ने

च) प्रशिक्षण कार्यक्रमको पाठ्यक्रम र प्रशिक्षण सामग्री स्वीकृत गर्ने

छ) प्रतिष्ठानको अवधिक तथा दीर्ध कालिन योजना स्वीकृत गर्ने

ज) प्रतिष्ठानलाई आवश्यक पर्ने जनशक्ति तथा भौतिक पुर्वाधारको व्यवस्था मिलाउने

झ) प्रदेश र स्थानीइ तहमा कार्यरत जनशक्तिको ज्ञान सीप र क्षमता अभिवृद्धि सम्बन्धी विभिन्न विषयमा अध्ययन र अनुसन्धान गराउने

ञ) सेवा प्रवाह र विकासमा सघाउ पुऱ्याउने गरी प्रदेश र स्गानीय तहको व्यवस्थापकीय क्षेत्रलाई सबल सक्षम तथा प्रभावकारी बनाउन आवश्यक कार्य गर्ने गराउने

ट) अनुसन्धान तथा प्रशिक्षण कार्यक्रमलाई प्रभावकारी बनाउन सरोकारवाला निकाय सँग समन्वय र सहकार्य गर्ने गराउने

ठ) प्रतिष्ठानको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने एबम् सञ्चालित कार्यक्रमको वार्षिक प्रगति समीक्षा तथा मूल्याङ्कन गर्ने गराउने

ड) प्रतिष्ठान अन्तरगतका कार्यक्रमहरको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने

ढ) तोकिएबमोजिमका अन्य कार्य गर्ने

**<u>कार्यकारी समितिको काम कर्तव्य र अधिकारहरु</u>**

(क) प्रदेश र स्थानीय तहको क्षमता विकास सम्बन्धी नीति तर्जुमा गरी परिषद् समक्ष पेश गर्ने,

(ख) प्रशिक्षक, अनुसन्धानकर्ता तथा विज्ञहरूको रोष्टर तयार, स्तर निर्धारण र सूची तयार गर्ने,

(ग) प्रशिक्षार्थीहरूको लागि लिइने पारक्षा (मोडेल टेस्टको मापद (ण्ड तयार गरी परीक्षा प्रणालीलाई व्यवस्थित गर्ने गराउने

(घ) प्रशिक्षण कार्यक्रमको पाठ्यक्रम र प्रशिक्षण सामग्री तयार गर्ने,

(ङ) प्रशिक्षण सम्बन्धी वार्षिक क्यालेण्डर स्वीकृत गर्ने,

(च) अध्ययन, अनसुन्धान तथा खोज सम्बन्धी कार्य योजना स्वीकृत गर्ने,

(छ) प्रशिक्षण मोड्युल, पाठ्य सामग्री तथा प्रशिक्षण सामग्रीहरुको परीक्षण गर्ने, गराउने

(ज) तीस कार्य दिन भन्दा कम अवधिका अल्पकालीन प्रशिक्षणहरुको प्रशिक्षण मोड्युल, पाठ्यक्रम स्वीकृत गर्ने,

(झ) प्रतिष्ठानको आवधिक तथा दीर्घकालीन योजना तर्जुमा गरी परिषद् समक्ष पेश गर्ने,

(ञ) प्रतिष्ठानको बार्षिक कार्यक्रम र बजेट तयार गरी स्वीकृतिका लागि परिषद्‌मा पेश गर्ने,

(ट) प्रतिष्ठानका लागि आवश्यक विनियमावलि, कार्यविधि र निर्देशिकाको मस्यौदा तयार गरी स्वीकृतिका लागि परिषद् समक्ष पेश गर्ने,

(ठ) प्रतिष्ठानको कोष तथा चल अचल सम्पत्तिको रेखदेख र संरक्षण गर्ने,

(ड) परामर्श सेवा सम्बन्धी नीति र काययोजना स्वीकृत गर्ने,

(ढ) अनुसन्धान तथा प्रशिक्षण सम्बन्धी परामर्श सेवा प्रदान गर्ने, गराउने

(ण) अन्य प्रदेश, सङ्घीय र अन्तर्राष्ट्रिय स्तरका अनसन्धान तथा प्रशिक्षण संस्थाहरूसँग सम्पर्क राखी प्रशिक्षण सम्बन्धी कायलाई स्तरोन्नति तथा विस्तार गर्ने,

(त) अनुसन्धान तथा प्रशिक्षण सम्बन्धी पाठ्यक्रम तथा सामग्री तयार गरी परिषद् बाट स्वीकृत गराउने

(थ) समसामयिक विषयका पुस्तक वा बुलेटिन प्रकाशन गर्ने गराउने,

(द) प्रतिष्ठानको तर्फबाट प्रदान गरिने प्रमाणपत्र र पुरस्कारको सम्बन्धमा निर्णय गर्ने ।

(ध) अनुसन्धान तथा प्रशिक्षण कार्यक्रमहरूको अनगुमन तथा मूल्याङ्कन गर्ने, गराउने,

(न) प्रतिष्ठानको वार्षिक प्रतिवेदन तयार गरी परिषद्‌मा पेश गर्ने,

(ऩ) लेखापरीक्षणको प्रतिवेदन परिषद् मा पेश गर्ने र सो सम्बन्धमा परिषद् बाट भएको निर्देशन कार्यान्वयन गर्ने, र

(प) तकिए बमोजिमका अन्य आवश्यक कार्य गर्ने।

**समग्रमा प्रतिष्ठानले सम्पादन गर्ने कार्यहरुलाई निम्नानुसार उल्लेख गरिएको छः**

(क) प्रदेश तथा स्थानीय तह अन्तर्गतका सरकारी निकाय एवं प्रदेश संगठित संस्थाहरुको व्यवस्थापकीय दक्षता अभिवृद्धि गर्ने ।

(ख) प्रदेश तथा स्थानीय तह अन्तर्गतका सरकारी निकाय एवं संगठित संस्थामा आवद्ध मानव संशाधनलाई व्यवस्थित एवं योजनाबद्ध तरिकाले प्रशिक्षण प्रदान गर्ने ।

(ग) प्रिशक्षण एवं प्रशिक्षकको स्तर तथा मापदण्ड निर्धारण गर्ने ।

(घ) प्रशिक्षण प्रदायक संस्थाहरुको नियमन गर्ने ।

(ङ) विभिन्न विषयमा अध्ययन अनसुन्धान गने।

(च) सम्बन्धित निकायलाई आवश्यक विषयमा राय परामर्श प्रदान गने ।

**३.प्रतिष्ठानमा रहने कर्मचारी संख्या र कार्य विवरणः**

प्रतिष्ठानको संगठन संरचना तथा दरबन्दी परिषद्ले स्वीकृत गरे रहने कानुनी प्रावधान रहेको छ । प्रतिष्ठानमा देहाय बमोजिमको कर्मचारीहरु हुनेछन् ।

(क) प्रशासकीय

(ख) अनुसन्धान, प्रशीक्षण तथा प्राध्यापन र

(ग) प्राविधिक

प्रतिष्ठानको प्रमुखको रुपमा कार्यकारी निर्देशक रहनेछ ।

**हाल कार्यरत कर्मचारीहरूको विवरण निम्नानुसार छः**

| सि.न. | प्रकार | कर्मचारी संकेत न. | कर्मचारीको नाम | पद | तह/ श्रेणी | सेवा/समुह | फोन नं. | ई-मेल |
|---|---|---|---|---|---|---|---|---|
| १. | | | विष्णुकुमार कार्की | कार्यकारी निर्देशक | | | ९८५२६७८८२१ | Karkibishnu663@gmail.com |
| १ | संघ | २००० ०५ | जनार्दन कट्टेल | शाखा अधिकृत | रा.प. तृतिय श्रेणी | प्रशासन सा. प्रशासन | ९८४१६९६६१४ | janardan.kattel@gmail.com |
| ३ | प्रदेश | १५१२ ०१ | श्री शान्तिराम निरौला | लेखा अधिकृत स्तर छैटौ | अधिकृत स्तर छैटौ | प्रशासन /लेखा | ९८४१३७६६७७ | |
| ४ | प्रदेश | 202784 | श्री अरुण सिग्देल | सहायक | सा.पाचौ | सा.प्र/प्रशासन | 9842652059 | omkarnath.anuj@gmail.com |
| ५ | स्थावि प्र प्र | | श्री सुरेश भट्टराई | ब. कम्प्युटर अपरेटर | सहायक प्रथम | प्रशासन/सा. प्रशासन | 9842626270 | rdtc.sbhattarai@gmail.com |
| ६ | स्थावि प्र प्र | | श्री झबिन्द्र बहादुरथापा क्षेत्री | लेखापाल | सहायक प्रथम | लेखा | 9841931736 | thapajhabindra262@gmail.com |
| ११ | संघ | २१८९ ९९ | श्री अरुणा भट्टराई | खरिदार | रा.प.अन. दितिय | प्रशासन/सा. | 9862649721 | arunaniraula@gmail.com |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | श्रेणी | प्रशासन | | |
| १२ | ज्यालादारी | | सञ्जय दाहाल | इन्जिनियर | | | ९८४२६६६८१९ | dahalsanjaya25@gmail.com_ |
| १३ | करार | | रामप्रसाद बजगाईं | का.स. | | | 9844674663 | |
| १४ | करार | | समिर राई | का.स. | | | ९८१६०३३८१७ | |
| १५ | करार | | नवराज न्यौपाने | का.स. | | | 9816900063 | |
| १६ | करार | | रवि बाँस्फोर | का.स. | | | 9827906737 | |
| १७ | करार | | राधा निरौला | का.स. | | | 9816981592 | |
| १८ | करार | | भुपाल गुरागाई | ह.स.चा. | | | 9826273055 | |

**प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा देहाय बमोजिमको परिषद् रहेको छ ।**

प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन २०७९ को परिच्छेद ३ दफा ६ मा यस प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा परिषद् रहने व्यवस्था छ । जसको संरचना देहाय बमोजिम रहेको छः

| सि.नं. | नाम | पद |
|---|---|---|
| १. | मुख्यमन्त्री | अध्यक्ष |
| २. | प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| ३. | अध्यक्ष, प्रदेश लोक सेवा आयोग | सदस्य |
| ४ | उपाध्यक्ष, प्रदेश योजना आयोग | सदस्य |
| ५. | सचिव, आर्थिक विषय हेर्ने मन्त्रालय | सदस्य |
| ६ | सचिब, शिक्षा विषय हेर्ने मन्त्रालय | सदस्य |
| ७. | मुख्यमन्त्रीले मनोनयन गरेको प्रदेश भित्रका स्थानीय तहका प्रमुख/ उपप्रमुख वा अध्यक्ष /उपाध्यक्षहरु मध्येबाट एक जना महिला सहित ३ जना | सदस्य |
| | मुख्यमन्त्रीले मनोनयन गरेको प्रदेश स्थित विश्वविद्यालयको प्रतिनिधि १ जना | सदस्य |
| ८. | कार्यकारी निर्देशक | सदस्य सचिब |

**उक्त ऐन बमोजिम प्रतिष्ठानको कार्य समिति निम्नबमोजिम रहेको छ ।**

| सि.नं. | नाम | पद |
|---|---|---|
| १. | कार्यकारी निर्देशक | संयोजक |
| २. | उप सचिब वा सो सरह, मुख्य मन्त्री तथा मं. प.को कार्यालय | सदस्य |
| ३. | उप सचिब वा सो सरह, प्रदेश लोक सेवा आयोग | सदस्य |
| ४. | उप सचिब वा सो सरह | सदस्य |
| ५. | उप सचिब वा सो सरह, प्रदेश योजना आयोग | सदस्य |

| | | |
|---|---|---|
| ६. | प्रमुख प्रशासकीय अधिकृत,प्रतिष्ठानको मुख्य कार्यालय रहेको स्थानीय तह | सदस्य |
| ७. | कार्यकारी निर्देशकले तोकेको प्रतिष्ठानको निर्देशक | सदस्य सचिब |

**प्रदेश प्रशिक्षण केन्द्रको अन्तरिम दरबन्दी विवरण**

| सि.नं. | पद | तह | संख्या | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कार्यकारी निर्देशक | अधिकृत ११ | १ | १ | ० | |
| २ | निर्देशक | अधिकृत १० | १ | ० | १ | |
| २ | उप निर्देशक | अधिकृत (८/९) | १ | १ | ० | १ संघबाट काज |
| ३ | प्रशिक्षण तथा अनुसन्धान अधिकृत | अधिकृत (६/७) | १ | ० | १ | |
| ४ | प्रशासन अधिकृत | अधिकृत (६/७) | १ | १ | ० | |
| ५ | लेखा अधिकृत | अधिकृत (६/७) | १ | १ | ० | |
| ६ | ईन्जिनियर | अधिकृत (६/७) | १ | १ | ० | करार |
| ७ | प्रशासन सहायक | सहायक (४/५) | २ | २ | ० | संघबाट काज १ र स्था.वि.प्र.प्र.१ |
| ८ | लेखा सहायक | सहायक (४/५) | १ | १ | ० | स्था.वि.प्र.प्र. १ |
| ९ | कम्प्युटर सहायक | सहायक (४/५) | १ | १ | ० | स्था.वि.प्र.प्र. १ |
| १० | ह.स.चा. | श्रेणी विहिन | २ | १ | १ | करार |
| ११ | कार्यालय सहयोगी | श्रेणी विहिन | ३ | ३ | ० | करार |
| १२ | माली/ सरसफाई सहयोगी | श्रेणी विहिन | २ | १ | १ | करार सेवा, |
| १३ | चौकीदार | श्रेणी विहिन | ३ | ३ | ० | करार सेवा, |
| १४ | प्लम्बर | श्रेणी विहिन | १ | ० | १ | |
| | जम्मा | | २२ | १७ | ५ | |

स्विकृत दरवन्दीमध्ये पदपूर्ति दरवन्दी १७ जना र रिक्त दरबन्दी ५ रहेका छन् ।

३.१ स्वीकृत कर्मचारी दरवन्दी संख्या २२ जना

३.२ स्थायी कर्मचारी दरबन्दी संख्या ११ जना

३.३ करार सेवा कर्मचारी ११ जना

स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार प्रतिष्ठानमा निम्न बमोजिम शाखाहरू रहेका छन् र यी

शाखाहरूको कार्यहरू देहाय अनुसार रहेको छ ।

**३.१. प्रशासन शाखा**

- कर्मचारी प्रशासन सम्बन्धी काम गर्ने ।
- आन्तरिक प्रशासन सम्बन्धी काम गर्ने ।
- जिन्सी व्यवस्थापन गर्ने ।
- वार्षिक कार्यक्रम तर्जुमा गर्ने ।
- स्वीकृत कार्यक्रम सञ्चालन गर्ने गराउने ।

**३.२. प्रशिक्षण तथा अनुसन्धान शाखा**

- सेवा कालीन तालिम सेवा प्रवेश तालिम लगायत प्रतिष्ठानबाट सञ्चालन गरिने तालिम कार्यक्रमको पाठ्यक्रमको निर्धारण तयार कार्यान्वयन र विकास गर्ने ।
- सेवा कालीन तालिम सेवा प्रवेश तालिम लगायत प्रतिष्ठानबाट सञ्चालन गरिने तालिम कार्यक्रमको
- पाठ्यक्रमको समयानुकुल पूनरावलोकन तथा परिमार्जन गर्ने ।
- तालिम तथा पाठ्यक्रम विकास सम्बन्धि अध्ययन तथा अनुसन्धान गर्ने ।
- तालिम सामाग्रीको पहिचान तयार प्रकाशन तथा वितरण गर्ने ।

**३.३. आर्थिक प्रशासन शाखा**

- आम्दानी तथा खर्चको लेखा राख्ने ।
- वित्तीय अभिलेख व्यवस्थापन सम्बन्धी कार्य गने

**४. प्रतिष्ठानबाट प्रदान गरिने सेवा**

क) सेवाकालीन तालिम

ख) सेवा प्रवेश तालिम

ग) विभिन्न विषयमा अभिमुखीकरण कार्यक्रम तथा कार्यशाला गोष्ठी तथा पुनर्ताजगी तालिम कार्यक्रमहरुको सञ्चालन ।

घ) विभिन्न तालिमको मोड्युल, पाठ्यक्रम तथा पाठ्यसामग्रीको निर्माण तथा प्रकाशन ।

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख**

**कार्यालय प्रमुखः** कार्यकारी निर्देशक श्री विष्णुकुमार कार्की

**प्रशासन शाखा प्रमुखः** जनार्दन कट्टेल

**तालिम तथा अनुसन्धान शाखा प्रमुखः** श्री जनार्दन कट्टेल

**लेखा प्रमुखः** श्री शान्तिराम निरौला

**६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः** प्रतिष्ठानको वार्षिक कार्ययोजना अनुरुप ।

**७. सूचना अधिकारी र प्रमुखको नाम र पद**

कार्यालय प्रमुख (कार्यकारी निर्देशक) श्री विष्णुकुमार कार्की ९८५२६७८८२१

सूचना अधिकारी श्री जनार्दन कट्टेल ९८४१६९६६१४

## ८. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन २०७९ ।
आर्थिक प्रशासन विनियमावली २०८०
तालिम कार्यक्रम सञ्चालन र व्यवस्थापन कार्यविधि २०८१
छात्राबास सञ्चालन र व्यवस्थापन कार्यविधि २०८१

## ९. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

| शिर्षक | यस त्रैमासिक अवधिको | आ.ब. २०८१/८२को यस अवधी सम्मको जम्मा | बिनियोजन भएको कूल बजेट |
|---|---|---|---|
| चालु खर्च | ५५,२८,१६४/५० | ५५,२८,१६४/५० | २,२७,२५,०००/०० |
| पूँजीगत खर्च | १८,५७,६८७/०० | १८,५७,६८७/०० | १,००,००,०००/०० |
| जम्मा | ७३,८५,८५१/५० | ७३,८५,८५१/५० | ३,२७,२५,०००/०० |

## १०. अघिल्लो आ. व. मा सञ्चालित मुख्य कार्यक्रमहरू

- सेवाकालीन तालिमहरु ३ वटा
- चौथो तथा पाँचौं तहको सेवाप्रवेश तालिम २ वटा
- विपन्न वर्गका लागि लोक सेवा तयारी कक्षा २ वटा
- पुराना सामानको लिलाम विक्री
- स्थानीय तहका संस्थागत सुधारका कार्यक्रमहरु (आन्तरिक नियन्त्रण प्रणाली निर्माण २९ वटा, आवधिक योजना निर्माण १० वटा, क्षमता विकास कार्यक्रम २५ वटा, राजस्व सुधार योजना २५ लैससास मूलप्रवाहीकरण रणनीति २० वटा, बालमैत्री स्थानीय विकास कार्यक्रम १० वटा)
- आलेप शाखाका कर्मचारीहरूको लागि अभिमुखीकरण तालिम २ वटा
- कृषि शाखाको कर्मचारीहरूको लागि अभिमुखिकरण तालिम २ वटा
- प्रदेश भित्रका तालिम प्रदायक निकाय सँगको अन्तरक्रिया

## ११. सार्वजनिक निकायको वेबसाइट

https://pcgg.p1.gov.np/

## १२. प्रतिष्ठानले यस आ.बमा सञ्चालन गरेको कार्यक्रम

| SN | Date | Address | Days | Name of CD training/meeting | Event | FG/PG/LG /Others | Total Benefeceries | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| १ | 2081/04/16 - 2081/04/20 | Training hall PRTA, Jhapa | 5 | Public Procurement management Training | 2 | LG | **50** | |
| २ | 2081/05/06 - 2081/06/ | Training hall PRTA, | 30 | Inservice training for 7th and m8th level | 2 | | **51** | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | 16 | Jhapa | | officer of Province and Local level | | | | |
| ३ | **परिषदको बैठक २ पटक** | | | | | | | |
| ४ | **कार्यकारी समितिको बैठक ३ पटक** | | | | | | | |

**१३. प्रतिष्ठानले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावलीः**

**१४. प्रतिष्ठानमा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषयः**

**१५. प्रतिष्ठानका सूचनाहरू अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरणः**

आवश्यकता अनुसार विभिन्न राष्ट्रिय दैनिक तथा प्रतिष्ठानको वेभ साइट